याङवरक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थर्पु, पाँचथर
कोशी प्रदेश नेपाल

सूचना नं. ०३-२०८३-०८४

मितिः-२०८३/०४/०५
ने.स: ११४६ दिल्लाथ्व अष्टमी मंगलबार

**विषयः- मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुले नाम नविकरण गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा याङवरक गाँउपालिकामा स्थायी रुपमा बसोवास गरी बसेका मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गरिरहेका, प्रस्तुत विषयमा नेपाल सरकारले मिति २०७८।१२।१३ मा स्विकृत गरेको "मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका बिरामीहरुलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि २०७८" बमोजिम यस याङवरक गाउँपालिका भित्र बसोबास गर्ने मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका बिरामीहरु (४८ जना) ले उक्त कार्यविधिको दफा ६ मा भएको व्यवस्था बमोजिम आर्थिक वर्ष २०८३/०८४ का लागी २०८३ भाद्र मसान्त भित्र सम्बन्धित वडा कार्यालयमा उपस्थित भई अनिवार्य रुपमा लाभग्राही सूची नविकरण गर्नु गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तोकिएको समयमा नविकरण नगराउने लाभग्राहीहरुलाई औषधि उपचार बापत नेपाल सरकारले उपलब्ध गराउने रु. ५,०००/- र याङवरक गाउँपालिकाले उपलब्ध गराउने थप रु. २,०००।- उपलब्ध गराउन नसकिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

संलग्न गर्नुपर्ने कागजातहरुः

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, नाबालकको हकमा जन्मदर्ता।
२. अनुसूचि-१ बमोजिमको ढाँचामा चिकित्सकको सिफारिस।
३. मेरुदण्ड पक्षघातको हकमा अपाङ्गता परिचय पत्र रातो वा निलो कार्डको प्रतिलिपि।
४. अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन।

(नोट:- यो निवेदनको फारम सम्बन्धित वडा कार्यालयमा निशुल्क उपलब्ध हुनेछ।)

२०८३/०४/०५

सौगात शर्मा
निमित प्रमुख प्रशासकीय अधिकृत



CamScanner